# स्थानीय राजपत्र

## पञ्चपुरी नगरपालिकाको कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्याः-२ मितिः-२०७७/०८/२६

भाग-३

## पञ्चपुरी नगरपालिका

पञ्चपुरी नगरपालिकाको प्रशासकीय कार्यबिधि(नियमित गर्ने) ऐन २०७४ को दफा ४ बमोजिम पञ्चपुरी नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि २०७७

पञ्चपुरी नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी जिल्ला, नगरपालिका तथा गाउँपालिकाहरूमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरुमा स-शुल्क प्रयोग गर्नका लागि स्थानीय सरकार सचालन ऐन , २०७४ को दफा ११ को उपदफा ७ बमोजिम ब्याकहो लोडर सञ्चालन र व्यवस्थापनको लागि देहायको शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी यो ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि,२०७७ मिति २०७७/०८/२६ को नगरकार्यपालिकाको बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनुपर्दछ ।

(ख) नियमावली भन्नाले स्थानीय सरकार संचालन ऐन ,२०७४ लाई आधार मानी तयार भएको नियमावलीलाई सम्झनुपर्दछ ।

(ग) नगरपालिका भन्नाले पञ्चपुरी नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) नगरसभा भन्नाले पञ्चपुरी नगर कार्यपालिकाको नगरसभालाई सम्झनुपर्दछ ।

(ङ) प्रमुख भन्नाले पञ्चपुरी नगरकार्यपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(च) उप-प्रमुख भन्नाले पञ्चपुरी नगरकार्यपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

(छ) नगर कार्यपालिका भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनुपर्दछ ।

(ज) प्रमुख प्रशासकिय अधिकृत भन्नाले पञ्चपुरी नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ ।

(झ) इन्जिनियर भन्नाले पञ्चपुरी नगर कार्यपालिका कार्यालयको इन्जिनियरलाई सम्झनुपर्दछ ।

(ञ) कार्यालय भन्नाले पञ्चपुरी नगरपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

२. उद्देश्य :

पञ्चपुरी नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू , स्थानीय नगरबासी, सङ्घसस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरू , दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरू तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूका विकास कार्यक्रमहरूमा माग भए अनुसारका प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य हो ।

**३. संचालन विधि :**

पञ्चपुरी नगर कार्यपालिकाको कार्यालयमा रहेका ब्याकहो लोडर सञ्चालनका लागि देहायको प्रकृया पूरा भएपश्च्यात मात्र फिल्डमा खटाइनेछ ।

(क) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट नगर कार्यपालिकाको कार्यालयले स्विकृत गरेको फारामको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ ।

(ख) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर नगर प्रमुख/कार्यालय प्रमुखबाट आदेश भएपश्च्यात के कति समयका लागि माग गरिएको हो , माग गरिएकोमा समय बराबरको नगर कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(ग) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्च्यात् नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिलो दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिइ खटाइनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनगर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाइने छ ।

(घ) ब्याकहो लोडर अपरेटरलाई नगर कार्यपालिको कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै विशेष मेशिन लगि काम गर्ने गराउने अधिकार रहनेछैन ।

(ङ) निवेदकले माग गरिएको समय भन्दा बढी समयसम्म कामकाज गर्नु गराउनुपर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरी थप कार्यदेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नुपर्नेछ ।

(च) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन प्रयोग कर्ताले बुझाउनुपर्नेछ ।

(छ) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्च्यात मेशिन अपरेटरले कामको विवरण सहितको मिटरको अद्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(ज) मेशिन फिल्डमा खटाउँदा कार्यालयको कम्पाउन्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनुपर्नेछ ।

(झ) अभिलेख अद्यावद्यिकका लागि कार्यालयबाट आवश्यक फारामहरुको व्यवस्था गरिनेछ ।

(ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरीनेछ ।

(ट) ब्याकहो लोडर माग गर्ने व्यक्ति वा संघ संस्थाले ब्याकहो लोडर शुल्क बुझाउँदा नगरकार्यपालिकाको कार्यालयको राजश्व काउण्टरमा नगदै जम्मा गर्न सकिनेछ ।

(ठ) नगरपालिका आफैले नगरभित्र वा बाहिर गई सार्वजनिक हितको लािग मेशिन प्रयोग गरी मर्मत सम्भार कार्य गर्दा कार्यालयबाट लागत अनुमान बनाउन लगाई कार्यालयको कार्यदिश लिएर मात्र प्रयोग गर्नुपर्नेछ ।

**४. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट्स माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्ने छ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिससहितको कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(ख) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिने छ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनुपर्नेछ । कार्यालयबाट वर्कशपमा चेकजाच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चयात मात्र मर्मत सम्भारकाृ कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउदा मेशिन अपरेटर वा इन्जिनियरलाई वा जिन्सी शाखाका प्रतिनिधी वर्कशपमा रहनुपर्दछ ।

**५. ब्याकहो लोडर सञ्चालन शुल्क-**

कुनै पनि व्यक्ति वा संघसंस्थाबाट ब्याकहो लोडर माग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैक खातामा अग्रिम बुझाउनुपर्नेछ ।

| सि.नं. | कामको प्रकार | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रतिघण्टा (सवैका लागि) | रु.१२००।- | |
| २ | प्रति सिफ्ट बाह्य(७ घण्टा) | रु.८०००।- | |
| ३ | प्रति सिफ्ट(८ घण्टा) नगरपालिका भित्रका उपभोक्ता समितिहरुको हकमा । | रु.८०००।- | |

माथि उल्खेखित शुल्कमा इन्धन लगायत लाग्ने अन्य खर्चहरु प्रयोगकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ । **६. कर्मचारी व्यवस्था :-**

**(क)** ब्याकहो लोडर सञ्चालनको लागि आवश्यक पर्ने अपरेटर १ जना साविक बमोजिमकै सेवा र शर्त मा रहने गरी तथा अपरेटरको सहयोगी १ जना जनशक्तिको हकमा स्थानीय सरकार सञ्चालन ऐन , २०७४ बमोजिम करार सेवामा नियुक्ति गरिनेछ ।

**(ख)** ब्याकहो लोडर अपरेटरको सहयोगीलाई बढीमा जिल्ला दररेट अनुसार ज्यामीले पाउने दैनिक ज्याला उपलब्ध गराइनेछ । तर करार सम्झौतामा घटाघट कममा काम गर्न इच्छुकलाई प्राथमिकता दिइनेछ ।

**(ग)** अपरेटर तथा अपरेटर सहयोगीले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकातर्फि करार भंग गरी क्षतिपूर्ती असुल उपर गरिनेछ ।

**७. ब्याकहो लोडर सञ्चालन समिति-**

ब्याकहो लोडर मेसिनलाइ संचालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको नगर प्रमुखको संयोजकत्वमा एक समिति रहनेछ ।

नगर प्रमुख संयोजक

प्रमुख प्रशासकीय अधिकृत सदस्य

इन्जिनियर सदस्य

जिन्सी शाखा प्रमुख सदस्य -सचिव

**८. विविध**

**(क)** मेशिनको माइल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

**(ख)** मेशिन अपरेटरलाई आवश्यक सहयोग पुयाउनका लागि १ जना अपरेटर सहयोगी समेतको व्यवस्था गरिनेछ ।

**(ग)** मेशिन कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ । नगरपालिकाका इन्जिनियर वा भण्डार प्रमुखले समेत मेशिन चुस्त दुरुस्त राख्न ध्यान दिनुपर्नेछ ।

**(घ)** मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा र इन्जिनियरको हुनेछ ।

**(ङ)** यस कार्यविधिलाई आवश्यक संसोधन वा थपघट गर्नुपर्ने भएमा नगरकार्यपालिकाको बैठकबाट थपघट वा संसोधन गर्न सक्नेछ ।

## अनूसूची १

## ब्याकहो लोड माग दर्खास्त फाराम

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
बाबियाचौर सुर्खेत ।

**बिषय :- ब्याकहो लोडर उपलब्ध गराइ पाउँ ।**

महोदय,

यस पञ्चपुरी नगर कार्यपालिकाको कार्यालयको ब्याहको लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेका छौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याकहो लोडर उपलब्ध गराइ पाउँ ।

**ब्याकहो लोडर माग गर्ने ले भर्नेः**

| ब्याकहो लोडर माग गर्ने ब्यक्ति,संस्था, उपभोक्ता समितिको नाम ठेगाना | कामको विवरण | ब्याकहो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

..............................
माग गर्नेको दस्तखत

**नगर कार्यपालिकाको कार्यालय तर्फबाट भर्ने :**

| नगरपालिकाबाट | माग गरिएको | अनुमानित लाग्ने | अनुमानित समय | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|

| खटिने स्थान सम्म लाग्ने अनुमानित समय | समय र दिन | समय | शुल्क | |
|---|---|---|---|---|
| | | | | |

.................. .................. ..........................

जिन्सी शाखा प्रमुख इन्जिनियर प्रमुख प्रशासकिय अधिकृत

पेश गर्ने जाँच गर्ने प्रमाणित गर्ने

राजश्व शाखाले भर्ने

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्देको दस्तखत |
|---|---|---|
| | | |
| | | |

........................................

प्रमुख प्रशासकिय अधिकृत

स्वीकृत गर्नेको दस्तखत

## अनुसूचि २

## (ब्याकहो लोडर मर्मत निवेदन फाराम)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
बाबियाचौर सुर्खेत ।

मिति :

**बिषय :- ब्याकहो लोडर मर्मत सम्बन्धमा ।**

महोदय,

यस पञ्चपुरी नगरकार्यपालिकाको ब्याकहो लोडरको तपसिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु ।

**तपसिल**

| **समस्या आएको सामान वा पार्टसको विवरण** | **परिमाण** | **सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :

नाम :

**ईन्जिनियरले भर्ने :-**

उपरोक्त सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकोले सिफारिस गर्दछु ।

.................................

दस्तखत

नाम :